नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौंको

**पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार पदमा नियुक्तिका लागि दरखास्त पेश गर्ने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८१।०८।०७**

यस मन्त्रालय सम्बद्ध **पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा** रिक्त रहेको **रजिष्ट्रार** पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र र आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान डेस्क) सिंहदरवार, काठमाडौंमा गोप्य शिलवन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समय भित्र प्राप्त हुन नआएको तथा रित नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

| सूचना नं. | सार्वजनिक निकायको नाम | पद | माग संख्या |
|---|---|---|---|
| १-२०८१/०८२ | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | रजिष्ट्रार | १ (एक) |

१. <u>योग्यताः</u>

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरी कम्तिमा "ख" श्रेणीमा नाम दर्ता भएको पशु स्वास्थ्य तथा पशु सेवा व्यवासायी ।

(ख) दरखास्त दिने अन्तिम मितिमा ६० वर्ष उमेर ननाघेको ।

२. <u>नियुक्तिको लागि अयोग्य मानिनेः</u>

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार लागु औषध बिक्रि वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहरिएको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको,

(ङ) शारिरिक तथा मानसिक अस्वस्थताका कारण परिषद्मा रही सेवा गर्न असमर्थ भएको,

(च) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

३. <u>दरखास्त पेश गर्ने प्रकृयाः</u>

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा रिक्त रहेको रजिष्ट्रार पदमा नियुक्तिको लागि सिफारिस समितिको कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको दरखास्तका साथ देहायका कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) वैयक्तिक विवरण (CV), बढीमा पाँच पृष्ठको मात्र ।

(ग) परिषद्मा कम्तीमा " ख" श्रेणीमा नाम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) न्यूनतम शैक्षिक योग्यता खुल्ने कागजातको प्रतिलिपि, (मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि)

(ङ) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को दफा ६ बमोजिम अयोग्य नभएको स्वघोषणा,

(च) योग्यता खुल्ने अन्य कागजातहरु,

(छ) दरखास्त साथ परिषद्लाई सवल, सक्षम र सुशासनयुक्त गतिशील संस्थाको रुपमा स्थापित गर्न पाँच हजार शब्दमा नबढ्ने गरी तयार पारिएको रणनीतिक कार्ययोजना (Strategic vision and action plan) को तीन प्रति Hard Copy खामबन्दी गरी पेश गर्नु पर्नेछ । कार्ययोजनाको कभर पृष्ठमा बाहेक अन्य पृष्ठमा आफ्नो नाम वा अन्य कुनै संकेत राख्न पाइने छैन । त्यस्तो राखेको पाइएमा रीतपूर्वक आवेदन नगरेको उम्मेदवार सरह दरखास्त अस्वीकृत गरिनेछ । रणनीतिक कार्ययोजनाको कभर पृष्ठको ढाँचा कार्यविधिको अनुसूची-३ बमोजिम हुनेछ ।

(ज) रणनीतिक कार्ययोजना प्रस्तुतीकरण समेत गर्नु पर्ने भएकोले तयार गरिएको रणनीतिक कार्ययोजनाको Soft Copy/Pen Drive छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ । कार्ययोजनाको भाषा नेपालीमा भए नेपाली युनिकोड कालीमाटी फण्टको ११ साइजमा र अंग्रेजीमा भए Times New Roman फण्टको १४ साइजमा हुनु पर्नेछ ।

(झ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित सार्वजनिक निकाय वा संगठित संस्थामा कार्यरत कर्मचारीले आवेदन पेश गर्दा सम्बन्धित निकायको अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति/अनुमति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।त्यस्तो पूर्व स्वीकृति स्थानीय तहमा कार्यरत कर्मचारीको हकमा गाउँकार्यपालिका/नगरकार्यपालिका, नेपाल सरकार र प्रदेश सरकार अन्तरगत कार्यरत कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयको सचिव र संगठित संस्थामा कार्यरत कर्मचारीको हकमा कार्यरत संस्थाको कार्यकारी प्रमुखबाट जारी भएको हुनुपर्नेछ ।

४. <u>रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण:</u> उम्मेदवारले आफूले पेश गरेको रणनीतिक कार्ययोजनाको प्रस्तुतीकरण (Power Point Presentation) गर्नु पर्नेछ।प्रस्तुतीकरणको समय २० मिनेटको हुनेछ ।

५. <u>दरखास्त दस्तुर:</u> दरखास्त दस्तुर वापतको रकम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कोड नं. ३१२००३५०१, राजस्व खाता १०००१००२०००१००००, राजस्व शीर्षक १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, सिंहदरबार शाखामा रु. ३०००।०० (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

६. <u>अन्य विवरण:</u>

(क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ ।

(ख) झुठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ग) आवेदन फाराम, रणनीतिक कार्ययोजनको कभरपृष्ठ, **पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को रजिष्ट्रार** पदमा नियुक्तिका लागि सिफारिस समितिको कार्यविधि, २०८१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाईट www.moald.gov.np बाट Download गर्न सकिनेछ । अन्य थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय (बोर्ड/संस्थान डेक्स) मा सम्पर्क गर्न सकिनेछ ।

**सिफारिस समिति**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय,**
**सिंहदरबार**